नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

**प्रेस विज्ञप्ति**

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले मिति २०७५।०७।०७ मा जारी गरेको विद्युत आयोजनाका अनुमति पत्र सम्बन्धी निर्देशिका, २०७५ को सन्दर्भलाई लिएर स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था IPPAN ले जारी गरेको प्रेस विज्ञप्तिप्रति यस मन्त्रालयको ध्यानाकर्षण भएको छ । जलविद्युत आयोजनाको जडान क्षमता निर्धारण सम्बन्धमा उक्त विज्ञप्तिमा उल्लेख गरिएजस्तो विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७३ (पहिलो संशोधन) मा भएको व्यवस्था भन्दा भिन्न व्यवस्था यो निर्देशिकामा गरिएको छैन । विद्युत नियमावली, २०५० ले आयोजनाको जडित क्षमताको आधारमा अनुमतिपत्र दस्तुरको व्यवस्था गरेको र सो अनुसार एकरुप र पारदर्शी तरिकाले सर्वेक्षण अनुमतिपत्र जारी गर्ने प्रयोजनका लागि हाइड्रोलोजिक टाईम सिरिज डाटाको $Q_{45}$ लाई प्रारम्भिक आधार मानिने व्यवस्था निर्देशिका, २०७३ मा नै गरिएको र सो व्यवस्थाका अतिरिक्त आयोजनाको अध्ययनका क्रममा पिपिए लगायतका आधारमा प्रवर्द्धकहरुको ठहर एवं निवेदन अनुरुप अनुमतिपत्रको संशोधन गरिने तथा सोही क्षमताको उत्पादन अनुमतिपत्र जारी गर्न सकिने व्यवस्था कायमै छ । साथै विद्युत उत्पादनको श्रोतको उपयोग, विद्युत बजारको उपलब्धता र लगानीको अधिकतम प्रतिफल समेतलाई आधार मानी आयोजनाको उत्तम लाभ लागत (प्रोजेक्ट अप्टिमाइजेसन) का आधारमा क्षमता निर्धारण गरिने व्यवस्था हालको निर्देशिका, २०७५ को दफा ५ ले गरेको हुँदा उक्त विज्ञप्तिमा भनिएजस्तो निजी क्षेत्रको प्रवर्द्धनमा बाधा पर्ने तथा जलश्रोतको उपयोगमा अन्यथा हुने नभई थप टेवा पुग्न जाने विश्वास यस मन्त्रालयले लिएको व्यहोरा अनुरोध गर्दछौं ।

प्रवक्ता
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय